## रेखाको निर्देशनमा 'माया भनेकै यस्तो होला'

**काठमाडौं/हिटा ।** अभिनेत्री रेखा थापाले झण्डै आठ वर्षपछि निर्देशनमा फर्कंदै निर्माण गर्न लाग्नुभएको चलचित्र 'माया भनेकै यस्तो होला'को छायांकन आरम्भ गरिएको छ। यस चलचित्रको छायांकन सोमबारदेखि काठमाडौंको शिवपुरीस्थित रोयल ट्युलिप नेशनल पार्कमा औपचारिक रूपमा शुभारम्भ भएको हो। चलचित्र 'हिम्मतवाली' र 'मालिका' का निर्देशक रेखा यसपटक अभिनयमा होइन, पूर्णरूपमा निर्देशनमा मात्र केन्द्रित रहनुहुनेछ। यस चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ र अभिनेता दिल श्रेष्ठ मुख्य भूमिकामा हुनुहुन्छ भने पूर्वमिस नेपाल सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाह पनि प्रमुख भूमिकामा देखिनुहुनेछ। चलचित्रको छायांकन काठमाडौं आसपासका विभिन्न स्थानमा करिब एक महिना चल्ने निर्माणपक्षले जनाएको छ। प्रोडक्सन हेड सिएम भारद्वाज (सुवेदी) का अनुसार, निर्माण टोलीले आगामी वर्षको तीजको अवसरमा देशभरका हलमा प्रदर्शन गर्ने लक्ष्य राखेको छ।


**Invitation for Bids**

**Gramthan Rural Municipality**

**Date of Publication: 2082/11/26**

1. *GramthanRural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang* invites electronic bids from Nepalese eligible bidders for the construction of *work as stated in table below*.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/ 14-082-083 | Shree Public Ma.Bi. BhawanNirman | 6049369.60 | 3000 | 160000 | |

For more details visit https://bolpatra.gov.np/egp/



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले भारत बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाइ | प्रति इकाइ मूल्य NRS | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Grand i10 NIOS | Petrol | Hyundai | Era | 1197cc | INDIA | 1 | 3,356,000/- | 3,356,000/- |
| | | Petrol | Hyundai | Magna | 1197cc | INDIA | 1 | 3,896,000/- | 3,896,000/- |
| | | Petrol | Hyundai | Magna AMT | 1197cc | INDIA | 1 | 4,126,000/- | 4,126,000/- |
| | | Petrol | Hyundai | Sportz | 1197cc | INDIA | 1 | 4,096,000/- | 4,096,000/- |

**Laxmi InterContinental Pvt. Ltd.**
(An ISO 9001:2015 Certified Company),
an entity of Laxmi Group Nepal
**Naxal, Kathmandu,**

**Vat No.:** 302958429
**Tel.:** 01-4533674, 4533780


## ■ 'नेशन्स गट ट्यालेन्ट' सिजन २

# डोटीकी उदिप्तीलाई उपाधि



**हिमालय टाइम्स**
काठमाडौं, २५ फागुन

डोटीकी उदिप्ती रावल बालबालिको डान्स रियालिटी शो 'नेशन्स गट ट्यालेन्ट' सिजन २ की विजेता बन्नुभएको छ। एएनपी मिडिया हाउसद्वारा आयोजित बालबालिको डान्स रियालिटी शो नेशन्स गट ट्यालेन्ट (राष्ट्रको प्रतिभा) सिजन २ मा उहाँले सो उपाधि चुम्नुभएको हो। उहाँले विजेताको उपाधिसँगै नगद एक लाख रुपियाँ प्राप्त गर्नुभएको छ।

कार्यक्रमको अन्तिम प्रतिस्पर्धामा ख्यातिप्राप्त हास्यव्यंग्यकार, अभिनेता, गायक, संगीतकार तथा गीतकार मदनकृष्ण श्रेष्ठ र नृत्य निर्देशक वसन्त श्रेष्ठ प्रमुख अतिथित्वमा उपस्थित हुनुहुन्थ्यो। साथै, नृत्य निर्देशक कमल राई र नृत्य निर्देशक, चलचित्र निर्माता तथा निर्देशक राजु शाह विशिष्ट अतिथिको रूपमा सहभागी हुनुभएको थियो।

फिनालेमा म्याग्दीकी सुप्रिया थापा फष्ट रनर्सअप हुनुभयो। उहाँले उक्त उपाधिसहित ६० हजार नगद रुपियाँ प्राप्त गर्नुभयो भने सोलुखुम्बुकी पाशाङ ल्हामु शेर्पा सेकेण्ड रनर्सअप बन्नुभयो। उहाँले ४० उक्त उपाधिसहित हजार नगद रुपैयाँ प्राप्त गर्नुभयो।

त्यसैगरी, कालिकोटकी स्प्रीका शाही तृतीय, भक्तपुरकी जलादि खड्का चौथो र महोत्तरीकी श्रृयाना घिशिङ पाँचौं रनर्सअप घोषित हुनुभयो। उहाँहरूलाई जनही १० हजार नगद रुपैयाँ पुरस्कार प्रदान गरिएको थियो। सबै विजेतालाई भोटिङ पार्टनर एभेनतोज कम्पनीले १० हजार रुपैयाँको शैक्षिक पुरस्कारसमेत प्रदान गरेको छ।

प्रतियोगिता गत वैशाखदेखि सुरु भएको थियो र स्थानियस्तरको अडिशनमा १८ सय बालबालिकाले भाग लिएका थिए। आयोजकका अनुसार मेघा अडिशनमा १८० जना छनोट भएका थिए र त्यसपछि क्रमशः टप ८०, टप ४० हुँदै ग्र्याण्ड प्रिमियरमा २३ जना पुगेका थिए। अन्ततः टप फाइनल ६ जनाबीच विजेता चयन गरिएको हो।

कार्यक्रमको आयोजनामा लोमशबहादुर कार्की र लबिसकुमार कार्कीको इभेन्ट म्यानेजमेन्ट, शम्भुप्रसाद रेग्मीको संयोजन र प्रनीमा दाहालको कार्यक्रम सञ्चालन रहेको थियो। निर्णायकको रूपमा अभिनेत्री मिथिला शर्मा, अभिनेत्री तथा निर्माता नीता ढुंगाना र छमछमी नृत्य प्रतियोगिताका विजेता सरोज प्रजा रहनुभएको थियो। भोटिङ राउण्डमा अभिनेता मदनकृष्ण श्रेष्ठ, अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, नृत्य निर्देशक वसन्त श्रेष्ठ, कमल राई, राजु शाह र कविराज घहतराज अतिथि निर्णायकका रूपमा सहभागी हुनुहुन्थ्यो।

एएनपी मिडिया हाउसकी प्रशासन प्रमुख अनीता तामाङले आगामी वर्ष २०८३ वैशाखदेखि नृत्यका साथै गायन रियालिटी शोका लागि स्थानीयस्तरबाट अडिशन सञ्चालन गरिने जानकारी दिनुभयो।


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/११/२६ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : पुर्णमान चित्रकार**<br>बाबुको नाम : सुरत बहादुर चित्रकार, बाजेको नाम : रामकान्त चित्रकार<br>ठेगाना : बिदुर - ७, नुवाकोट, हाल : बिदुर - ५, नुवाकोट<br>ना.प्र.प.नं. : ११/९८८, जि.प्र.का. नुवाकोट, जारी मिति : २०४५/०२/०८<br>**शाखा कार्यालय : देविघाट, नुवाकोट** |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : चिनीमाया श्रेष्ठ नगरकोटी**<br>पतिको नाम : पुर्णमान चित्रकार<br>ससुराको नाम : सुरत बहादुर चित्रकार<br>ठेगाना : विदुर - ८, नुवाकोट<br>ना.प्र.प.नं. : ४२२६३<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५२/०८/०४ |
| | **२. नाम : सुशिला चित्रकार**<br>बाबुको नाम : सुरत बहादुर चित्रकार<br>बाजेको नाम : रामकान्त चित्रकार<br>ठेगाना : बिदुर - ७, नुवाकोट<br>हाल : बिदुर - ५, नुवाकोट<br>ना.प्र.प.नं. : ३६७५८, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५०/०३/२२ |
| | **३. नाम : कृष्ण मान चित्रकार**<br>बाबुको नाम : सुरत बहादुर चित्रकार<br>बाजेको नाम : रामकान्त चित्रकार<br>ठेगाना : बिदुर - ७, नुवाकोट<br>हाल : बिदुर - ५, नुवाकोट<br>ना.प्र.प.नं. : ६१५०५, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०५६/०४/१३ |
| | **४. नाम : निशा राजभण्डारी**<br>पतिको नाम : कृष्ण मान चित्रकार<br>ससुराको नाम : सुरत बहादुर चित्रकार<br>ठेगाना : त्रियुगा - २, उदयपुर<br>हाल : बिदुर - ५, नुवाकोट<br>ना.प्र.प.नं. : ५६७५६, जि.प्र.का. उदयपुर<br>जारी मिति : २०५९/०३/३० |
| | **धितोको विवरण** |
| | पुर्णमान चित्रकारको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता रहेको विदुर - ९, नुवाकोट स्थित कित्ता नं. ३२२४ को क्षेत्रफल २-७-३-३ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | **ऋणीको विवरण** |
| २. | **नाम : सोहम इन्टरप्राईजेज**<br>दर्ता गर्ने निकाय : वाणिज्य कार्यालय, बिराटनगर, मोरङ्ग<br>दर्ता नं. : ३०७३१/०७४/७५, दर्ता मिति : २०७४/१२/०९<br>रजिष्टर्ड कार्यालय : बिराटनगर - ७, मोरङ्ग<br>**प्रोप्राइटर : सुमीत जैसवाल, शाखा कार्यालय : बिराटनगर** |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : सुमीत जैसवाल**<br>बाबुको नाम : राजेश जयसवाल<br>बाजेको नाम : राम एकवाल जयसवाल<br>ठेगाना : विराटनगर - १३, मोरङ्ग<br>हाल : विराटनगर - ६, मोरङ्ग<br>ना.प्र.प.नं. : १२४७२<br>जि.प्र.का. मोरङ्ग<br>जारी मिति : २०६६/०१/०८ |
| | **२. नाम : गिता जयसवाल**<br>पतिको नाम : राजेश जयसवाल<br>ससुराको नाम : राम एकवाल जयसवाल<br>ठेगाना : विराटनगर - १३, मोरङ्ग<br>हाल : विराटनगर - ६, मोरङ्ग<br>ना.प्र.प.नं. : १८८२७<br>जि.प्र.का. मोरङ्ग<br>जारी मिति : २०७०/१२/०६ |
| | **३. नाम : राजेश जयसवाल**<br>बाबुको नाम : राम एकवाल जयसवाल, बाजेको नाम : वंसी जयसवाल<br>ठेगाना : विराटनगर - ७, मोरङ्ग, हाल : विराटनगर - ६, मोरङ्ग<br>ना.प्र.प.नं. : ०५३०७२/५५४, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०६३/१२/३० |
| | **धितोको विवरण** |
| | सुमीत जैसवालको नाममा मालपोत कार्यालय बिराटनगर, मोरङ्गमा दर्ता कायम रहेको जतुवा कठकुप्पा - १/१क, मोरङ्ग स्थित कित्ता नं. २९५७ को क्षेत्रफल २७५.११ (ब.मि) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| ३. | **नाम : सुरेन्द्र तमाङ**<br>बाबुको नाम : विर बहादुर तमाङ, बाजेको नाम : सेर बहादुर तमाङ<br>ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट, हाल : तारकेश्वर - ६, नुवाकोट<br>ना.प्र.प.नं. : २५-०१-६९-००२७६, जि.प्र.का. नुवाकोट, जारी मिति : २०६९/०१/१०<br>**शाखा कार्यालय : देविघाट** |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : विरबहादुर तमाङ्ग**<br>बाबुको नाम : सेर बहादुर तमाङ<br>बाजेको नाम : फैरुङ तमाङ<br>ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट<br>हाल : तारकेश्वर - ६, नुवाकोट<br>ना.प्र.प.नं. : २३३७ (३००६)<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४४/११/२४ |
| | **२. नाम : गुनी तमाङ**<br>पतिको नाम : विरबहादुर तमाङ्ग<br>ससुराको नाम : सेर बहादुर तमाङ<br>ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट<br>हाल : तारकेश्वर - ६, नुवाकोट<br>ना.प्र.प.नं. : ३३८१<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४६/०३/१२ |
| | **३. नाम : शान्तीमाया तामाङ**<br>पतिको नाम : सुरेन्द्र तमाङ, ससुराको नाम : विरवहादुर तमाङ्ग<br>ठेगाना : खड्गभञ्ज्याङ - ३, नुवाकोट, हाल : तारकेश्वर - ६, नुवाकोट<br>ना.प्र.प.नं. : २५-०१-७२-०९१५४ जि.प्र.का. नुवाकोट, जारी मिति : २०७२/१२/१६ |
| | **धितोको विवरण** |
| | गुनी तमाङको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता रहेको चारघरे - ७, नुवाकोट स्थित कित्ता नं. ५९३ को क्षेत्रफल २-१४-३-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | **ऋणीको विवरण** |
| ४. | **नाम : भगवान बस्नेत**<br>बाबुको नाम : बल बहादुर बस्नेत, बाजेको नाम : बम बहादुर बस्नेत<br>ठेगाना : विदुर - ९, नुवाकोट, हाल : विदुर - ४, नुवाकोट<br>ना.प्र.प.नं. : ५२७९७, जि.प्र.का. नुवाकोट, जारी मिति : २०५४/०९/०८<br>**शाखा कार्यालय : देविघाट** |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : बल बहादुर बस्नेत**<br>बाबुको नाम : बम बहादुर बस्नेत<br>बाजेको नाम : राम बहादुर बस्नेत<br>ठेगाना : विदुर - ९, नुवाकोट<br>हाल : विदुर - ४, नुवाकोट<br>ना.प्र.प.नं. : ११८०/२९५३<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४१/०५/२४ |
| | **२. नाम : सिता बस्नेत**<br>पतिको नाम : बल बहादुर बस्नेत<br>ससुराको नाम : बम बहादुर बस्नेत<br>ठेगाना : विदुर - ९, नुवाकोट<br>हाल : विदुर - ४, नुवाकोट<br>ना.प्र.प.नं. : १५०७/४०२<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४४/११/०७ |
| | **३. नाम : रिता पाण्डे**<br>पतिको नाम : भगवान बस्नेत, ससुराको नाम : बल बहादुर बस्नेत<br>ठेगाना : गेर्खु - ७, नुवाकोट, हाल : विदुर - ४, नुवाकोट<br>ना.प्र.प.नं. : ८७९०५, जि.प्र.का. नुवाकोट, जारी मिति : २०६०/०७/२१ |
| | **धितोको विवरण** |
| | सिता बस्नेतको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता रहेको विदुर - १, नुवाकोट स्थित कित्ता नं. २०२६ र २०२८ को क्षेत्रफल क्रमशः ०-२-३-२.५ र ०-०-२-१.५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| ५. | **नाम : वेलकम मार्केट प्रा.लि.**<br>दर्ता गर्ने निकाय : उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १७४८२७/०७४/०७५, दर्ता मिति : २०७४/०५/२५<br>रजिष्टर्ड कार्यालय : का.म.न.पा. - ५, हाडिगाउँ, काठमाडौं<br>**संचालक : हिरामाया श्रेष्ठ, शाखा कार्यालय : नयाँ बानेश्वर** |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : हिरामाया श्रेष्ठ**<br>बाबुको नाम : रंज नारायण श्रेष्ठ<br>बाजेको नाम : बौध नारायण श्रेष्ठ<br>ठेगाना : पोखरी - १३, उदयपुर<br>हाल : का.म.न.पा. - २, काठमाडौं<br>ना.प्र.प.नं. : ८०३, जि.प्र.का. उदयपुर<br>जारी मिति : २०६२/०९/०७ |
| | **२. नाम : रंजनारायण श्रेष्ठ**<br>बाबुको नाम : बौध नारायण श्रेष्ठ<br>बाजेको नाम : धन बहादुर श्रेष्ठ<br>ठेगाना : पोखरी - २, उदयपुर<br>हाल : का.म.न.पा. - २, काठमाडौं<br>ना.प्र.प.नं. : १६४५, जि.प्र.का. उदयपुर<br>जारी मिति : २०४५/१२/१८ |
| | **३. नाम : ख्यामराज श्रेष्ठ**<br>बाबुको नाम : रंज नारायण श्रेष्ठ, बाजेको नाम : बौध नारायण श्रेष्ठ<br>ठेगाना : पोखरी - २, उदयपुर, हाल : का.म.न.पा. - २, काठमाडौं<br>ना.प्र.प.नं. : १४१०१७-१२१८३२ जि.प्र.का. उदयपुर, जारी मिति : २०६९/०६/०८ |
| | **धितोको विवरण** |
| | हिरामाया श्रेष्ठको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता रहेको दुवाकोट - ३, भक्तपुर स्थित कित्ता नं. ९६९ को क्षेत्रफल ०-२-३-० (रोपनी) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र १६ गते सोमबार कार्यालय समय सम्म।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र १७ गते मंगलबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालयः**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**


## अस्कर अवार्डमा 'प्रेजेन्टर' प्रियंका




**एजेन्सी ।** चलचित्र 'द ब्लफ'८ की प्रमुख अभिनेत्री प्रियंका चोपडालाई यस वर्षको अस्कर समारोहमा प्रस्तोता (प्रेजेन्टर) का रूपमा घोषणा गरिएको छ। यो सम्मान पाएकोमा खुशी व्यक्त गर्दै प्रियंकाले सामाजिक सञ्जाल इन्स्टाग्राममार्फत प्रशंसक र अनुयायीसँग उक्त जानकारी साझा गर्नुभएको छ। उहाँले पोष्टमा छोटकरीमा '२०२६ एकेडेमी अवार्ड्स' भन्दै क्याप्सन लेख्नुभएको छ। खबर सार्वजनिक भएसँगै उहाँका प्रशंसक, साथीभाइ, परिवार तथा भारतीय र हलिउड चलचित्र क्षेत्रका व्यक्तिहरूले खुशी व्यक्त गरेका छन्। प्रख्यात स्ट्यान्ड-अप कमेडियन जाकिर खानले टिप्पणी गर्दै लेख्नुभएको छ, 'बधाई छ, तपाईं हाम्रो नायक हुनुहुन्छ।' अभिनेता ऋतिक रोशनले पनि प्रियंकाको पोष्टमा लाइक गर्दै प्रतिक्रिया जनाउनुभएको छ।

प्रियंका चोपडासँगै यस वर्षका नयाँ प्रस्तोताको सूचीमा रोबर्ट डाउनी जुनियर, एन ह्याथवे, पल मेस्कल, विल आर्नेट र ग्विनिथ पाल्ट्रो पनि समावेश हुनुहुन्छ। अमेरिकी मनोरञ्जन पत्रिका 'भेराइटी'का अनुसार शोका कार्यकारी निर्माता तथा शो-रनर राज कपूर र कार्यकारी निर्माता केटी मुलनले यी कलाकारहरूको नाम आगामी समारोहका लागि प्रस्तोताको तेस्रो चरणको सूचीका रूपमा घोषणा गर्नुभएको हो। यसअघि घोषणा गरिएका अस्कर समारोहका प्रस्तोतामा एड्रियन ब्रोडी, हाभियर बार्डेम, किरण कल्किन, क्रिस इभान्स, चेस इन्फिनिटी, मिकी म्याडिसन, डेमी मूर, कुमेल नान्जियानी, माया रुडोल्फ र जोई साल्डाना रहनुभएको छ। ९८औं एकेडेमी अवार्ड समारोह आगामी मार्च १५ आइतबार अमेरिकाको लस एञ्जलसस्थित डोल्बी थिएटरमा आयोजना हुँदैछ।

## 'परालको आगो'को टिजरमा पारिवारिक मनमुटाव



**हिमालय टाइम्स**
काठमाडौं, २५ फागुन

सुशील पोखेरेलको निर्माणमा तयार भएको चलचित्र 'परालको आगो'को टिजर सार्वजनिक गरिएको छ। टिजरमा ग्रामीण परिवेश र नेपाली समाजको यथार्थ झल्काउने श्रीमान्-श्रीमतीबीचको मनमुटाव देखाइएको छ।

सार्वजनिक चलचित्रको टिजरमा प्रकाश सपुत र सुहाना थापा श्रीमान्-श्रीमतीको भूमिकामा हुनुहुन्छ भने सौगात मल्ल छिमेकीको भूमिकामा देखिनुभएको छ। चलचित्रको सार्वजनिक पोस्टर र टिजरले नेपाली गाउँघरको मौलिकता झल्काउने उद्देश्य राखेको निर्माण टिमले जनाएको छ।

लक्ष्मण सुनारले निर्देशन गरेको यो चलचित्रमा सुशील देवकोटाले कथा लेख्नुभएको हो। छायांकन संकल्प भुजेल, सम्पादन मिलन श्रेष्ठ, नृत्य निर्देशन रामजी लामिछाने र रंग संयोजन कनाल कँवरले गर्नुभएको छ। चलचित्रमा संगीत प्रकाश सपुत, शान्ति ठटाल र सत्य-स्वरूप आचार्यको छ। फिल्मको निर्माण हरि ॐ सिने मेकर्स प्रा.लि.अन्तर्गत भएको हो र नेपालभर आरआर फिल्मसूबाट वितरण तथा डिजिटल अधिकार ओएसआर द्वारा लिइएको छ। पुरानो गुरुप्रसाद मैनालीको कथासंग्रहमा समावेश कथा 'परालको आगो' लाई नयाँ ढाँचामा पुनर्निर्माण गरिएको निर्माता पोखरेलले बताउनुभयो। यो चलचित्र आगामी वैशाख ११ बाट अल नेपाल प्रदर्शनमा आउँदैछ।